## त्रिभुवन विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय,बल्खु

## ५ वर्षे स्नातक तह (बीए एलएलबी )चौथो वर्षको आँशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, वल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०७८ को २०७९ सालमा सचांलन हुने स्नातक तह (वीए एलएलवी) चौथो वर्षको परीक्षा दिने आँशिक परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पसमा मिति २०७९ साल पौष २५ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोव्वर दस्तुर सहित आवेदन फारम भरि बुझाउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सवै प्रक्रिया पुर्‍याइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) ५ वर्षे स्नातक तह २०६९ सालमा भर्ना भइ २०७० सालमा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ग) सबै परीक्षार्थीहरुले परीक्षा आवेदन फारम माथि अघिल्लो पटकको रो.नं.अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

**२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-**

क) काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का.को नाममा वैंक भौचर २ दिनभित्र परीक्षा आवेदन फारम सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.वल्खुमा वुझाई सक्नुपर्नेछ ।

ख) परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा वैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वनिधत शाखामा बुझउनु पर्नेछ ।

**३) परीक्षा शुल्क सम्वन्धमा:-**

| | |
|---|---|
| **क)** आंशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ४७०/- |
| **ख)** परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| **ग)** परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु १००/- |
| **घ)** प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| **ङ)** दुइ वा सोभन्दा वढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु २७५/- |

**४) परीक्षा शुल्क बुझाउने सम्वन्धमा:-**

**क)** काठ्माण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/वल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई. वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैंक भौचर सहित फारम कार्यालयमा पेश गर्नुपर्नेछ।

**ख)** क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००१ नेपाल वैंक लिमिटेड वगर शाखा, पोखरामा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको भौचर सहित परीक्षा फारम पेश गर्नुपर्नेछ।

परीक्षा नियन्त्रक